UNIVERSITY OF CAMBRIDGE INTERNATIONAL EXAMINATIONS
General Certificate of Education Ordinary Level

**NEPALI** **3202/01**

Paper 1 Composition, Translation and Comprehension **May/June 2012**

**3 hours**

Additional Materials: Answer Booklet/Paper

*1443714795*

**READ THESE INSTRUCTIONS FIRST**

If you have been given an Answer Booklet, follow the instructions on the front cover of the Booklet.
Write your Centre number, candidate number and name on all the work you hand in.
Write in dark blue or black pen.
Do not use staples, paper clips, highlighters, glue or correction fluid.

Answer **all** questions.

At the end of the examination, fasten all your work securely together.
The number of marks is given in brackets [ ] at the end of each question or part question.




DC (CW/SW) 52767/3


© UCLES 2012


UNIVERSITY *of* CAMBRIDGE
International Examinations




www.theallpapers.com

BLANK PAGE

© UCLES 2012

www.theallpapers.com

## Section A – Composition

**1** Write in **Nepali** two compositions of about 150 words each. You may choose any two subjects from the following:

**(a)** नेपालले पर्यटन उद्योगको विकास गरेर पनि आफ्नो खुट्टामा उभिन सक्छ । यस भनाइलाई पुष्टि गर्नुहोस् ।

Nepal can stand on its own feet by developing the tourism industry. Discuss.

**(b)** जागिर छोडेपछि रामले तरकारी खेती गर्न थालेको थियो । तरकारी खेती गरेदेखि ऊ धनी मान्छे भयो । ऊ कसरी यहाँसम्म पुग्न सक्यो होला त्यसको बर्णन गर्नुहोस् ।

Ram began to do vegetable farming after he quit his job and since then he has become a rich man. Describe how he might have managed to get to this position.

**(c)** माछामासु र शाकाहारी खानामा कुन स्वास्थ्यको लागि फाइदाजनक छ भन्ने विषयमा दुई जना साथीहरुको बीचमा विवाद भइरहेको छ । त्यसलाई एउटा संवादको रुपमा प्रस्तुत गर्नुहोस् ।

Two friends are having a debate about whether meat or vegetarian food is better for health. Present this in the form of a dialogue.

**(d)** तपाईंको साथी पैसा कमाउनको लागि आफ्नो पढाइ छोडेर मलेसियामा जान चाहन्छ । उसलाई पढाइ नछोड्नको लागि एउटा चिठी लेखेर सम्झाउने कोसिस गर्नुहोस् ।

Your friend wants to quit his studies and go to Malaysia to make money. Write a letter and try to convince him that he should not quit his studies.

**(e)** आफू जन्मेको ठाउँसँग तुलना गर्दै तपाईं हालै घुम्नुभएको कुनै नयाँ ठाउँको वारेमा एउटा निबन्ध लेख्नुहोस् ।

Write an essay about a new place you have recently visited, comparing it with the place where you were born.

[25 x 2]


www.theallpapers.com

## Section B – Translation

**2** Translate into **English**:

म आफ्नो देश नेपाल छोडेर आएको पाँच बर्ष भइसक्यो । यो साल दशैंमा नेपाल फर्कँदाखेरि त्यहाँ देखिएको परिवर्तनले म चकित भएँ । यस परिवर्तनलाई कसैले राम्रो भन्ला, कसैले नराम्रो तर म त्यसवारेमा छलफल गर्न चाहन्न । म सिर्फ मेरो देसलाई भेट्न गएको थिएँ, भेट भयो र त्योभन्दा खुशी मेरो लागि अरु केही थिएन । विमानस्थलबाट ट्याक्सीमा घर जाँदा बाटोभरिको दृश्यले मलाई मेरो पुरानो जीवनको याद दिलायो ।

दशैंको पूजा, फूल र धूपको मीठो बासनाले मेरो बसाइ एकदम रमाइलो भयो । धेरै समयपछि गएको हुनाले मैले दशैंभरि आफन्त र साथीहरुसँगै बढी समय बिताएँ जुन सोचेभन्दा धेरै रमाइलो भयो । कोही तास खेलिरहेका थिए, कोही आकासमा चंगा उडाइरहेका र कोहीचाहिँ पिङ खेलिरहेका थिए । म पनि पिङ खेल्न भनेर गएको थिएँ तर म झण्डै भुइँमा खस्न पुगेँ ।  किनकि मलाई राम्रोसँग पिङ खेल्न आउँदैनथ्यो । मलाई यो यात्रा धेरै रमाइलो लाग्यो र म अर्को बर्ष पनि नेपाल फर्कने आशा गर्दछु ।

[10]

© UCLES 2012



www.theallpapers.com

**3** Translate into **Nepali**:

Today I woke up much earlier than usual, at six o'clock. My tea usually arrives at eight, so I would have to wait two hours before the tea came. I decided that this morning I would go and drink tea with my friend, Jivan. With this idea in mind, I went out of the house.

Jivan is a very old friend of mine. He works in a drinking water project in Kathmandu. When there is a shortage of water in the city, he receives many complaints. Kathmandu is the capital city of Nepal and it is growing very fast. Jivan's wife cooks the food and does all household chores. They have one son and one daughter of 3 and 5 years old respectively. The children have not started school yet. Before going to the office and after coming back home, Jivan plays with the children, because in the morning and in the evening, he has to give his wife at least a bit of rest. When I see this happy family, I get envious.

[20]

© UCLES 2012

www.theallpapers.com

## Section C – Comprehension

Read the passage carefully, and then answer in **Nepali** the questions that follow, using your **own** words as far as possible.

कुनै दिन बिहानको कुरा हो, हरिको आमा बजारमा केही फलफूल किन्न भनी जानुभएको थियो । त्यहाँ एकदम पाकेको ताजा आरु देखेपछि वहाँले तुरन्तै एक झोला आरु किनेर ल्याउनु भयो । अनि टेबुलको बीचमा एउटा प्लेटमा सजाएर राख्नुभयो । आरुको स्वाद कस्तो हुन्छ भन्ने हरिलाई थाहा थिएन । किनभने योभन्दा पहिले उसले त्यो फल खान पाएको पनि थिएन । त्यसैले उसलाई त्यो एउटा फल चाख्न खुब मन लागेको थियो । तर आफैले झिकेर खाने आज्ञा आमाबाट घरमा कसैले पनि पाएको थिएन । त्यसैले आमाको आज्ञा विना फल खाने साहस कसैसँग पनि थिएन । किनकि उसकी आमा यस्तो बिषयमा कडै स्वभावको हुनुहुन्थ्यो जसको कारण हरि त्यो फल खान डराइरहेको थियो ।

प्रत्येक पाँच-पाँच मिनेटमा हरि आरु नजिक जान्थ्यो, खानलाई लिन्थ्यो तर आमा देखी डराउँथ्यो । त्यसैले यसो सुँघेर फेरि जहाँको तहीँ राखिदिन्थ्यो । तर यस्तो स्थिति धेरै समयसम्म रहन सकेन । एक दिन दिउँसो घरका सबै सदश्यहरु बाहिर गएका थिए । घरमा ऊ बाहेक अरु कोही पनि थिएन । यही मौका छोपेर उसले एउटा आरु लियो र एउटा कुनामा गएर अरुले नदेख्ने गरी खाइदियो । उसलाई आरु धेरै मीठो लाग्यो ।

बेलुकाको खाना खान भनेर परिवारका सबै जना सँगै बसेका थिए । खानापछि फलफुल खाने बेला आयो । आमाले सबैलाई त्यही आरु दिने विचार गर्नुभयो तर त्योभन्दा पहिले आरुका दानाहरु एक एक गरेर गन्नुभयो र सोध्नुभयो - 'एउटा आरु छैन, कसले खायो, हँ ?'

त्यहाँ बसेकाहरुमध्ये सबै जना नबोलिकन चुपचाप बसिरहेका थिए । त्यसमा हरिले त झन् बोल्ने कुरै थिएन । उसलाई खुब डर लागिरहेको थियो । सबै जनाले आफूले त्यो फल खाएको छैन भन्ने देखाउन खुब कोशिस गरे । सबैले एकै स्वरमा 'हामी कसैले पनि फल खाएका छैनौँ' भनेर भने ।

यत्तिकैमा हरिको बुबाले बोल्ने पालो आयो - 'तिमीहरुमध्ये कसैले आरु खायौ । यो बास्तबमा राम्रो काम होइन । तर योभन्दा नराम्रो कुरा त अर्कै छ - 'त्यो के हो भने आरु खाँदा त्यसको बोक्रा फाल्नु पर्छ । यदि कसैले त्यो बोक्रा नफालिकन खाएको छ भने एक दिन ऊ मर्ने छ । मलाई यसको मात्र डर छ ।'



www.theallpapers.com

बुबाका यी कुराहरु सुनेपछि हरिलाई एकदमै चिन्ता लाग्न थाल्यो । अनि यही बीचमा उसको मुखबाट एक्कासी निस्क्यो - 'मलाई बोक्रा फाल्नु पर्छ भन्ने त थाहै थिएन , बुबा ।'

हरिको यो कुरा सुनेपछि आमा बुबा मरीमरी हाँस्न थाल्नुभयो, तर हरिचाहिँ अब मरिन्छ भन्ने डरले रुन थाल्यो ।

Now answer the following questions in **Nepali**, using your own words as far as possible.

4 आरु घरमा कहाँबाट आइपुग्यो र ती आरु कसले किनेको थियो ? [2]

5 हरिको आमाले आरुलाई के गर्नुभयो ? [2]

6 हरिले आरु चाख्न किन मरिहत्ते गरेको थियो र उसले किन चाख्न सकेन ? [2]

7 हरिले कहिले र कसरी आरु खान पायो ? [2]

8 आमाले के प्रश्न सोध्नुभएको थियो र त्यो प्रश्नको जवाफमा क-कसले के भने ? [2]

9 हरिको बुबाले खानुभन्दा पहिले आरुको बोक्रा फाल्नु पर्छ भनेर किन भन्नुभयो ? [2]

10 हरिको बाले भन्नुभएको कुरामा हरिबाट के कस्तो प्रतिकृया देखियो ? (तीनवटा प्रतिकृया लेख्नुहोस् ) [3]

Language and spelling [5]

**Total Marks [20]**

© UCLES 2012



www.theallpapers.com

**BLANK PAGE**

Permission to reproduce items where third-party owned material protected by copyright is included has been sought and cleared where possible. Every reasonable effort has been made by the publisher (UCLES) to trace copyright holders, but if any items requiring clearance have unwittingly been included, the publisher will be pleased to make amends at the earliest possible opportunity.

University of Cambridge International Examinations is part of the Cambridge Assessment Group. Cambridge Assessment is the brand name of University of Cambridge Local Examinations Syndicate (UCLES), which is itself a department of the University of Cambridge.

© UCLES 2012



www.theallpapers.com